# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।२२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला नवलपरासी (ब.सु.प.), पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष बैजु प्रसाद गुप्ताले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज बैजु प्रसाद गुप्ताले पाल्हीनन्दन गाउँपालिका, नवलपरासीमा गाउँपालिका अध्यक्ष पदमा निर्वाचित भएको मिति २०७४/०३/२० गतेदेखि मिति २०७९/०३/२८ गतेसम्मको अवधिलाई जाँच अवधि कायम गरी निज र निजको एकाघर परिवार/सगोलमा रहेको व्यक्तिहरूले उक्त अवधिमा विभिन्न आयका श्रोतहरूबाट कानुनी रुपमा आर्जन गरेका **(Lawfully obtained)** आयहरूलाई आयका रुपमा र सोही अवधिमा निजहरुले विभिन्न शीर्षकहरूमा गरेको प्रमाणित **(Verified)** खर्चहरूलाई ब्ययका रुपमा गणना गर्दा निज सार्वजनिक सेवा प्रवेश पूर्वको एकासगोल परिवारको बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात रकम, पारिश्रमिक बचत, भाईको पारिश्रमिक तलब, भत्ता बापतको रकम, **कम्पनी आम्दानी आय रकम,** बैंक ऋण आय र कृषि आयसमेत गरी कुल जम्मा **रू.३,५१,५२,६२०/८८ (तीन करोड एकाउन्न लाख बाउन्न हजार छ सय बीस रूपैयाँ अठासी पैसा)** आय आर्जन गरेको, यसै गरी सोही जाँच अवधिमा निज तथा निजको एकासगोल परिवारका सदस्यहरूको व्ययतर्फ अन्तिम बैंक **मौज्दात** रकम, जग्गा खरिदमा गरेको लगानी रकम, **बैंक ऋणसापटी रकमको साँवा ब्याज भुक्तानी** रकम, **अध्ययन खर्च, घर निर्माण र खरिद** गर्दा लागेको **खर्च रकम,** शेयर खरिद गर्दा लागेको खर्च रकम, बीमा प्रिमियम बापत भुक्तानी गरेको रकम, कम्पनी लगानीमा गरेको खर्च **रकम र** सवारी खरिदमा गरेको खर्च रकमसमेत गरी कुल जम्मा **रू.६,९७,८१,७८८/७३ (छ करोड सन्तान्नब्बे लाख एकासी हजार सात सय अठासी रूपैयाँ त्रिहत्तर पैसा मात्र)** व्यय खर्च तथा लगानी समेत गरेको देखिंदा निजको जाँच अवधिको कूल/समग्र आयबाट सोही जाँच अवधिको कूल व्यय (खर्च तथा लगानी समेत) घटाउँदा **रू.३,४५,९९,१६७/८४ (तीन करोड पैतालीस लाख उनान्सय हजार एक सय सत्सठ्ठी रूपैयाँ चौरासी पैसा)** ले कुल बैधानिक आय भन्दा कुल व्यय आधिक हुन गई स्रोत पुष्टि भएको नदेखिएकोबाट उक्त रकम बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निजले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएकोले निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति एकासगोल परिवारको नाममा समेत रहेको देखिंदा निज बैजु प्रसाद गुप्ता र निजको बुबा बंशराज गुप्ता, आमा धानमती तेली, श्रीमतीहरू सुलोचना गुप्ता र शारदा आचार्य गुप्ता उपर देहायको कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहाय</u>**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला नवलपरासी, पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष बैजु प्रसाद गुप्ता | **रू.३,४५,९९,१६७/८४** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिए बमोजिमको कसुरमा बिगो रू. तिन करोड पैतालीस लाख उनान्सय हजार एक सय सत्सठ्ठी रूपैयाँ चौरासी पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद सजाय र बिगोबमोजिम जरिवाना हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको  सम्पत्ति जफत हुन साथै निजले राष्ट्रसेवक पदमा बहाली भएपश्चात वार्षिक रूपमा पेस गरेको सम्पत्ति विवरण फारम वास्तविक विवरण उल्लेख नगरी सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत हुनसमेत मागदाबी लिइएको छ। |
| २. | प्रतिवादी बैजु प्रसाद गुप्ताको बुबा **बंशराज गुप्ता,** आमा **धानमती तेली,** श्रीमतीहरू **शारदा आचार्य गुप्ता, सुलोचना गुप्ता** | - | निज बैजु प्रसाद गुप्ताले सार्वजनिक सेवाको पदमा रहँदाको बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट निजहरुको नाममा समेत खरिद गरेको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२), ऐ.ऐनको दफा २० को उपदफा (२), ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ख समेतका प्रचलित कानुन बमोजिम जफत गर्ने प्रयोगजनार्थ मात्र निजहरुलाई प्रतिवादी कायम गरिएको छ। |

सहायक प्रवक्ता

गणेश बहादुर अधिकारी